भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१०/२५ गते बसेको

आ.व.२०८२/०८३ आठौं बैठकमा छलफलका ऐजेण्डा/प्रस्तावहरुः

प्रस्ताव/एजेण्डाहरुः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको सातौं बैठकको समीक्षा सम्बन्धमा ।

२. संघीय सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष अनुदानको योजना छनौट सम्बन्धमा ।

३. सडक बोर्डबाट प्राप्त बजेटको योजना छनौट गर्ने सम्बन्धमा ।

४. वडा नं.११ मा क्रिकेट मैदान बनाउन नगरपालिकाको JCB उपलब्ध गराउने सम्बन्धमा ।

५. मर्स्याङ्दी कोरिडोर अन्तर्गतका रुखहरु कटान गर्ने सम्बन्धमा ।

६. विविध विषय सम्बन्धमा ।

आनन्द राज त्रिपाठी
प्रमुख

आज मिति २०८२ साल माघ २५ गते आइतबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को आठौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

अन्य उपस्थिति:

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिव घिमिरे (सूचना प्रविधि अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

गणराज धमाला वडा सदस्य भा.न.पा.-९ (का.वा.)

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१०/२५ गते बसेको आ.व.२०८२/०८३ आठौं बैठक

**प्रस्ताव/एजेण्डाहरु:-**

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको सातौं बैठकको समीक्षा सम्बन्धमा ।
२. सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष अनुदानको योजना छनौट सम्बन्धमा।
३. सडक बोर्डबाट प्राप्त बजेटको योजना छनौट गर्ने सम्बन्धमा।
४. वडा नं. ११ मा क्रिकेट मैदान बनाउन नगरपालिकाको JCB उपलब्ध गराउने सम्बन्धमा।
५. मर्स्याङ्दी कोरिडोर अन्तर्गतका रुखहरु कटान गर्ने सम्बन्धमा ।
६. विविध विषय सम्बन्धमा ।

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को सातौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२** समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी, २०८१ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना /कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी तपसिल बमोजिमको आयोजनाहरु राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

तपसिल:

| संघीय समपुरक अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८३/०८४ का लागि | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा | योजनाको नाम | समपुरक बजेट | कैफियत |
| १. | १२ | चन्द्रावती मिर्लुङ्गकोट पर्यटन मार्ग | ३ करोड | |
| २. | ३ | कवि केसरी तिर्थ राज मोटर मार्ग | ३ करोड | |
| संघीय विशेष अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८३/०८४ का लागि | | | | |
| १. | सबै अधुरा खानेपानी योजना | | ३ करोड | |
| संघीय शसर्त अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८३/०८४ का लागि | | | | |
| १. | ७ | टुहुरे पसल-थानीको थान मार्ग | ७ करोड | |

**निर्णय नं.३** सडक बोर्ड नेपालले आ.व.२०८२/८३ का लागि सडक बोर्ड नियमावली, २०६० मा उल्लेखित मार्गदर्शन बमोजिम भानु नगरपालिकाले व्यहोर्नु पर्ने समपूरक कोष (Matching Fund) समेत समावेश गरी वार्षिक कार्यकम स्वीकृत गरी सहमतीको लागि पेश गर्न मिति २०८२/०९/२८ गते यस नगरपालिकालाई पत्राचार भएकोमा सोही बमोजिम तपसिलमा



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङटेर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

उल्लेख भए बमोजिम सडक बोर्ड नेपालको रु.३८,००,०००। (अक्षेरुपी अठतिस लाख) र नगरपालिकाको समपुरक कोषबाट रु.१७,००,०००। (अक्षरेपी सत्र लाख मात्र) गरी जम्मा रु.५५,००,०००। (अक्षरेपी पचपन्न लाख मात्र) बाट देहाय बमोजिमका कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | सडक बोर्डले व्यहोर्ने बजेट | पालिकाले व्यहोर्ने बजेट | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | भानु मार्ग | ७०% | ३०% | | |
| २. | नारेश्वरटार बाह्रबिसे मोटर मार्ग | | | | |
| ३. | तुरतुरे बजार | | | | |
| ४. | कालिमाटि-कुन्छाको दुधेकुना खण्ड | | | | |
| ५. | पाँचसयफाँट-महन्टेहटिया | | | | |
| ६. | बाइसजाँगर काउरेटार | | | | |
| ७. | वडा नं ४ कार्यालय मार्ग | | | | |
| ८. | मानेचौका पूल देखि क्याम्पस गेट | | | | |
| जम्मा | | | | | |

निर्णय नं.४ वडा नं. ११ कार्यालयको च.नं. ७४५, मिति २०८२/१०/२६ को पत्रबाट भानु न.पा. ११ ढाँडफेदी स्थित ढाँडफेदी क्रिकेट मैदान निर्माण शिर्षकमा विनियोजन भएको रकम रु ३,००,०००/- अक्षेरुपी रु तिन लाखको योजना यस नगरपालिकाको कार्यालयबाट नै कार्यान्वयन गरिदिन सिफारिस भई आएको हुँदा योजनामा विनियोजन भएको रकमबाट इन्धन खरिद गर्ने र नगरपालिकाको डोजरले काम गरि प्राबिधिक मूल्याङ्कनबाट योजनाको भुक्तानी र फरफारक गर्ने निर्णय गरियो।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.५ मध्यमर्स्याङ्दी कोरिडोर अन्तर्गतका रुख कटान गर्नलाई आवश्यक प्रक्रिया पुरा गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने।

निर्णय नं.६ विविध विषयमा सम्बन्धमा ।

क. सर्वदा खोला पूल सम्बन्धमा।
भानु नगरपालिका वडा नं ११, कालिमाटी स्थित सर्वदा खोला पूल निर्माण आयोजनाको आ.ब. २०८२/०८३ मा संघीय सरकारको हस्तान्तरित सशर्त अनुदान शिर्षकमा रु ७०,००,००० /- (अक्षेरुपी रु सत्तरी लाख) विनियोजन भएकोमा उक्त पूलको विस्तृत परियोजना प्रतिवेदन बमोजिम ५,२१,००,०००/- (अक्षेरुपी पाँच करोड एक्काइस लाख) लागत अनुमान रहेको हुँदा सम्बन्धित मन्त्रालय, विभाग र निकायमा स्रोत सुनिश्चिताको लागि अनुरोध गर्ने निर्णय गरियो।

ख. गण्डकी प्रदेश मुख्यमन्त्रीको कार्यालयबाट मनोहर मा.वि. को भवन निर्माणका लागि प्राप्त हुने बजेट माग गर्न माटो परिक्षण गर्नुपर्ने भएकोले माटो परिक्षणको लागि रु २ लाख ४० हजार परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ग. भानु नगरपालिकाले बोलपत्र आह्वान गरे बमोजिम सम्झौता गरी कार्यान्वयनमा रहेको योजनाहरुको प्राविधिक र आर्थिक प्रगतिको मूल्याङ्कन गरि प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

- संयोजक - श्री उमा गोतामे (नगर उपप्रमुख)
- सदस्य - श्री नवराज लौडारी (वरिष्ठ लेखा अधिकृत)
- सदस्य - श्री विपिन श्रेष्ठ (ईन्जिनियर)
- सदस्य - श्री योजना रहेको वडाको अध्यक्ष
- सदस्य - श्री ईन्जिनियर(अर्को कार्यालय वा परामर्शदाता)
- सदस्य-सचिव - श्री यूवराज ज्ञवाली (योजना शाखा प्रमुख)

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

घ. निवुवा प्रशोधन केन्द्र स्थापना गर्न वडा नं १०, गुन्द्रुक प्रशोधन केन्द्र स्थापना गर्न वडा नं १२, स्वास्थ्य चौकी D type को निर्माण गर्न वडा नं १ र स्वास्थ्य चौकी D type को निर्माण गर्न वडा नं २ मा जग्गा दाताबाट निशुल्क जग्गा नगरपालिकाको नाममा प्राप्त गर्न मालफत ऐन, २०३४ ले दिएको अधिकार प्रयोग गरी बनेको सरकारी जग्गा दर्ता, उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीती, २०८२ को व्यवस्था बमोजिम प्रक्रिया अगाडि बढाउने।

ङ. तपसिल उल्लेखित व्यक्तिहरुलाई विपदबाट भएको क्षेतिपूर्ति रकम उपलब्ध गराउने निर्णय गरियो।

| २०८२/१०/२५ सम्म विपत घटना घटि राहतका लागि परेका निवेदन, भएको क्षती र राहत रकमको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रं.सं. | ठेगाना (वडा नं) | निवेदकको नाम | विपद्को प्रकृति | विषय (छोटकरीमा) | अन्तिम निर्णय (सारांस) | | कैफियत |
| | | | | | जिन्सी | नगद | |
| १ | १० | बाबुराम कामी | चटयाङ | चटयाङ परि घरको छेउमा जोडिएको रोडमा खाल्टो परि घर चिरिएको र विधुत तार जलि घरमा समेत बस्न समस्या भएको | | प्राविधिक इष्टिमेट अनुसर कार्याविधिले तोकेको हद नकट्ने गरि उप्लब्ध गराउने | |
| २ | १२ | सरस्वती पराजुली | आगोलागि | पाईप जलेको | | २००००.०० | |
| ३ | १२ | राम कुमार अधिकारी | अन्य | भैसि मरेको | | १५०००.०० | |
| ४ | १२ | मानकाजी गुरुङ | वर्षा | घन्सार भत्किएको | | २००००.०० | |
| ५ | १२ | अन्नपुर्ण खड्का | आगोलागी | घर पुर्ण क्षेती | | ३००००.०० | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

च. स्थानीय सरकार संचालन ऐन, को दफा ६२ (ख) को उपदफा (१) मा सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने व्यवस्था बमोजिम वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश(१०) प्रतिशत रकम भानु नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने गरि चण्डि स्थान सामुदायीक वन उपभोक्ता समूहको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

आनन्दराज त्रिपाठी
२०७८।१०।२५।

आनन्द राज त्रिपाठी
प्रमुख